# नेपाः बहुउद्देश्यीय सहकारी संस्था लि.

# NEPA Multipurpose Cooperative Society Ltd.

## नेपा: स्मार्ट एप को लागि आवदेन फारम

(कृपया आवेदन फारमको सम्पूर्ण खाली ठाउँमा स्पष्ट रुपमा भनुहोस्)

| मिति | |
|---|---|
| दर्ता नं. | |

श्री प्रमुख ज्यू,
नेपाः बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
इटहरी, सुनसरी ।
महादेय,

म मेरो निम्न लिखित खाताहरुमा नेपाः स्मार्ट एप (एस.एम.एस.तथा मोबाइल एप) सुविधा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु । म यस सुविधासंग सम्वन्धित शर्त बन्देजहरु तथा सो मा संस्थाले समय समयमा गर्ने संशोधनहरु पालना गर्न मञ्जुर गर्दछु ।

खाता र मोबाईल नम्बरको विवरण :

नाम :

कारोवार गर्ने खाता नम्वर :

मोबाईल नं. :

ठेगाना : ....................................ई–सेवा आई.डी. भए :............................ ईमेल : .......................................

सेवाहरु :

- कारोवारको (अलर्ट) सूचना
- मौज्दातको सोधपुछ मात्र
- भुक्तानी सेवाहरु
- आन्तरिक खातामा रकमान्तर (नेपाः सहकारी भित्र)
- रकमान्तर (ई सेवा नेटवर्क भित्र)

म, माथि उपलब्ध गराईएका जानकारीहरु ठीक साँचो भएको घोषणा गर्दछु । कुनै कारणले उक्त सुचनाहरु असत्य वा गलत अर्थ दिने भएमा सो को कारणले हुने सम्पुर्ण परिणाम ब्यहोर्न म मञ्जुर गर्दछु । कृपया यस सूविधा वापत वा यसमा लागु हुने अन्य शुल्क समेत मेरो यस फर्ममा उल्लेख गरेको खाताबाट लिनु होला ।

मैले यसका सम्पुर्ण शर्त तथा बन्देजहरु राम्ररी पढें र सोको पालना गर्न मञ्जुर गर्दछु ।

..............................
हस्ताक्षर

**कार्यालय प्रयोजनको लागि मात्र**

आवेदकको सदस्यता नं. :

मिति : ............../....../.......

| ......................... | ......................... | ......................... | ......................... |
|---|---|---|---|
| सिफारिस गर्ने | स्विकृत गर्ने | प्रविष्टि गर्ने | जाँच गर्ने |

**नेपाः बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड द्वारा प्रदान गरिएको स्मार्ट एप सेवालाई नियमन गर्ने शर्त तथा बन्देजहरु :**

१) **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यसमा उल्लेखित निम्न शब्दावलिहरुले निम्न बमोजिम अर्थ जनाउनेछन्:

क) सस्था भन्नाले प्रचलित नेपालको कानुन् अनसार लिमिटेड संस्थाको रुपमा स्थापना भई प्रधान कार्यालय इटहरी–६, सुनसरी, नेपालमा रहि सहकारी व्यवसाय गरिरहेको नेपाः बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड लाई जनाउदछ

ख) सदस्य भन्नाले नेपाः स्मार्ट एप प्रयोग गर्न अधिकार प्राप्त भएका संस्थाको विनियम बमोजिम सदस्यता लिई कारोवार गरिरहेका संस्थाका सदस्यलाई जनाउदछ ।

ग) व्यक्ति भन्नाले संस्थाको विनियम बमोजिम सदस्यता लिई कारोवार गरिरहेका प्राकृतिक व्यक्तिलाई जनाउदछ ।

घ) खाता भन्नाले सदस्यको संस्थामा रहेको बचत खाता वा ऋण खाता वा नेपाः स्मार्ट एपको प्रयोग मार्फत सञ्चालन गर्न संस्थामा खोलिएको अन्य कुनै पनि किसिमको खातालाई जनाउदछ ।

ङ) नेपाः स्मार्ट एप भन्नाले मोवाइल एप मार्फत मौज्दात सोधपुछ, कारोवार विवरणहरु, खाताबही, रकमान्तर र संस्थाले समय समयमा उपलब्ध गराउन निर्णय गरेका अन्य सेवाहरुको प्रयोगको लागि संस्थाले प्रदान गरेको सेवालाई जनाउदछ । कुनै निश्चित सेवा उपलब्ध गराउने/नगराउने सम्बन्धमा संस्थाले ईमेल, वेभ पेज, एसएमएस वा लिखित सूचना मार्फत जानकारी गराउने छ ।

२) **करारः** संस्थाद्वारा स्विकार गरिए बमोजिमको सदस्यले दिएको आवेदन लगायत यस लिखतमा उल्लेखित शर्त तथा बन्देजहरुले संस्था र सदस्यबिच नेपाः स्मार्ट एप सेवाको लागि करारको सृजना हुनेछ ।

३) **नेपाः स्मार्ट एप सेवाको लागि आवदेनः** नेपाः स्मार्ट एप प्रयोगको लागि सदस्यले तोकिएको फाराममा सस्था समक्ष आवदेन दिनु पर्नेछ । सस्थाले आफनो स्वविवकेमा त्यस्तो आवेदन स्विकार वा अस्विकार गर्न सक्नेछ । नेपाः स्मार्ट एप सुविधा लिनको लागि सदस्यले वैधरुपमा मोवाईल फोन प्राप्त गरेको हुनुपर्नेछ ।

४) **अनाधिकृत पहुच रोक्नको लागि सावधानीः** नेपाः स्मार्ट एपको अनाधिकृत र गैरकानूनी प्रयोग रोक्न सदस्यले सम्पूर्ण आवश्यक सावधानी अपनाउनु पर्नेछ । सदस्यको असावधानीबाट कुनै अनाधिकृत कार्य हुन गएमा सो को जिम्मेवारी सदस्य स्वयंले लिनुपर्नेछ ।

५) **नेपाः स्मार्ट एपमा पहुचः** संस्थाले सदस्यलाई नेपाः स्मार्ट एप प्रयोग गर्न गोप्य नम्बर (पासवर्ड) उपलब्ध गराउने छ । सो पछि सदस्यले सुरक्षाको लागि यथासम्भव समय समयमा पासवर्ड परिवर्तन गर्नुपर्दछ ।

६) **पासवर्ड :** नेपाः स्मार्ट एप प्रयोगको लागि निश्चित सख्याका अक्षर/अकंहरु सहितको पासवर्ड संस्थाले समय समयमा एसएमएस मार्फत प्रदान गर्नेछ र सदस्यले बिनाशर्त सो को जिम्मेवारी लिई गोप्य राख्न तथा नेपाः स्मार्ट एप प्रयोग गरिरहदा कुनै अनाधिकृत व्यक्तिलाई पासवर्डमा पहुंच प्रदान नगर्न निश्चय गर्दछ । यदि सदस्यले नेपाः स्मार्ट एपको पासवर्ड विर्सिएमा सस्थामा नयाँ पासवर्ड जारि गर्न लिखित रुपमा अनुरोध पठाउन सक्नेछ र यसले नयां करारको शुरुवात भएको जनाउनेछैन । सदस्यको खाताको सम्बन्धमा वा नेपाः स्मार्ट एप सम्बन्धि सदस्यको निर्देशन पालना गर्ने सम्वन्धमा संस्थाले कुनै सूचना प्रकाश गरेका कारण सदस्यलाई कुनै नोक्सानी भएमा सो को लागि संस्था कुनैपनि अवस्थामा जिम्मेवार र जवाफदेहि नहुने कुरामा सदस्य मन्जुर गर्दछ र यस कारणबाट हुन सक्ने हानीबाट सस्थालाई मुक्त राख्दछ । सस्थाले गोप्य प्रकृतीका सम्पर्ण सूचनाहरुको गोपनीयता कायम राख्नेछ र कुनैपनि व्यक्तिलाई स्वेच्छाले, आकस्मिक रुपमा वा गल्तिले समेत त्यस्ता सूचनाहरु प्रकाश नगर्न सदस्य निश्चय गर्दछ ।

७) **योग्यताः**

क) नेपाः स्मार्ट एप प्रयोग गर्न ईच्छुक सदस्य संस्थाको विनियम बमोजिम योग्यता पुगेको खातावाला र एकल हस्ताक्षर वा स्वतन्त्र रुपले कार्य गर्न सक्ने अख्तियारवाला व्यक्ति हुनुपर्नेछ ।

ख) यदि संयुक्त नाममा खाता छ भने उक्त खातामार्फत नेपाः स्मार्ट एप प्रयोग गर्न पाईने छैन ।

ग) नावालकको नाममा रहेको खाताको सम्बन्धमा खाता खोल्ने फारममा तोकिएको नाबालकको अभिभावक नेपाः स्मार्ट एप प्रयोगको लागि योग्य हुनेछन् ।

८) **शुल्कहरुः** नेपाः स्मार्ट एप सेवा तथा सो मा समय समयमा हुने संसोधनहरु उपयोग गरे वापत लाग्ने शुल्क सदस्यको खाताबाट खर्च लेखि असूल गर्ने अधिकार संस्थासंग निहित रहनेछ ।

.................... हस्ताक्षर

९) **पर्याप्त मौज्दात:** सदस्यले खातामा पर्याप्त मौज्दात रहेको वा कर्जा सुविधाको पूर्व व्यवस्था रहेको निश्चित गर्नुपर्नेछ । रकम वा कर्जा सुविधाको अपर्याप्तताले गर्दा निर्देशन कार्यान्वयन हुन नसकेको कारणबाट हुने कुनै पनि परिणामको लागि सस्था उत्तरदायी हुनेछैन । तर त्यस्तो अपर्याप्तताको बाबजुद समेत सदस्यको बिना स्विकृती वा विना पूर्व सूचना सस्थाले आफनो स्वविवेकमा निर्देशनको कार्यान्वियन गर्न सक्नेछ र सो को कारणबाट सृजना हुने अग्रीम भुक्तानी वा कर्जा तथा सम्पूर्ण शुल्क तथा दस्तुरहरु तिर्नु सदस्यको दायित्व हुनेछ ।

१०) **रकमान्तर:** खातामा पर्याप्त मौज्दात रहेको अवस्थामा नेपा: स्मार्ट एपको माध्यमबाट हुने रकमान्तरको कारोवार सम्पन्न गर्न संस्थाले पहल गर्नेछ । सम्बन्धित खातामा पर्याप्त मौज्दात नभई वा संस्थासंग कर्जा सुविधाको सम्बन्धमा पूर्वव्यवस्था नभई सदस्यले रकमान्तरको लागि नेपा: स्मार्ट एपको प्रयोग गर्ने वा प्रयोग गर्न प्रयत्न गर्नेछैन । संस्थाले नेपा: स्मार्ट एपको माध्यमबाट विभिन्न किसिमका रकमान्तरहरु सम्पन्न गर्न वा अन्य कुनै सेवाहरु प्रदान गर्न समय समयमा सीमा निर्धारण गर्नेछ ।

आफ्नो नियन्त्रण बाहिरको परिस्थितिका कारण कुनै वा सबै भुक्तानीहरु सम्पन्न नभएमा वा ढिलो भुक्तानी भएमा सो को दायित्व संस्थाले लिनेछैन ।

११) **संस्थाको अधिकार:** सदस्यले नेपा: स्मार्ट एपको माध्यमबाट गर्ने कारोवारको कार्यान्वयन गर्न सदस्यका सबै खाताहरुमा संस्थाको पहुँचको लागि सदस्य अटल रुपमा र बिनाशर्त संस्थालाई अधिकार प्रदान गर्दछ । नेपा: स्मार्ट एपको बुंदा नं. ६ मा तोकिएको माध्यम भन्दा अन्य किसिमबाट सदस्यबाट प्राप्त हुने कारोवारको आधिकारीकता जांच गर्ने संस्थाको दायित्व हुनेछैन । नेपा: स्मार्ट एप प्रयोगको समयमा सदस्यलाई पठाईएको/प्राप्त गरेको एसएमएसहरुलाई सदस्यले नेपा: स्मार्ट एपको प्रयोग गरेको अभिलेख मानिनेछ र यसलाई सम्पूर्ण प्रयोजनको लागि निर्णायक र बाध्यात्मक मानिनेछ । नेपा: स्मार्ट एपको प्रयोग मार्फत हुने कारोवारको अभिलेख भएको समय लगायत त्यस्ता कारावोरबाट उत्पन्न हुने संस्थाको सम्पुर्ण रेकर्डहरु कारोवारको आधिकारिकता र सत्यता पुष्टि गर्ने अन्तिम प्रमाण मानिनेछ । संस्था कारोवार तुरुन्त सम्पन्न गर्न प्रयत्नसील रहनेछ । तर संचालन प्रणालीको असफलता वा कुनै कानूनी आवश्यकता लगायतका कुनैपनि कारणले निर्देशनको कार्यान्वयन हुन कुनै ढिलाई भएमा सो को लागि सस्था जिम्मवार हुने छैन । नेपा: स्मार्ट एपको प्रयोगबाट सयंक्तु खाता सचांलनका सम्बन्धमा भएका सम्पुर्ण कारोवारहरुको लागि सम्पूर्ण संयुक्त खातावालाहरु संयुक्त वा एकल रुपमा समेत बन्धनकारी हुनेछन् ।

१२) **निदर्शनहरु: नेपा:** स्मार्ट एपको प्रयोगको लागि सदस्यले सम्पूर्ण निर्देशनहरु संस्थाले निर्दिष्ट गरेको ढांचँमा सस्थामा रजिष्टर्ड गरिएको मोवाईल नं. मार्फत दिनुपर्नेछ । संस्थालाई प्रदान गरिएका निर्देशनहरुको सत्यता र आधिकारीकताको सम्बन्धमा सदस्य उत्तरदायी हुनेछ सो लाई नेपा: स्मार्ट एप संचालनको लागि पर्याप्त मानिनेछ । संस्थाले उक्त निर्देशनहरुको स्वतन्त्र रुपमा प्रमाणित गर्न आवश्यक पर्नेछैन र त्यस्ता निर्देशनहरु अन्य निर्देशनहरु द्वारा रद्ध नगरे सम्म लागु हुनेछन् । प्रारम्भिक निदर्शनको कार्यान्वयन नरोकेमा वा रोक्न नसकेमा वा कार्यान्वयन हुनबाट जोगाउन नसकेमा यसमा संस्थाको कुनै दायित्व हुनेछैन । सदस्यका निर्देशनहरु असम्बद्ध वा विरोधाभाषपूर्ण लागेमा संस्थालाई उपयुक्त लागेबमोजिम त्यस्ता कुनै निर्देशन बमोजिम कार्य गर्नु अगाडि सदस्यसंग स्पष्टिकरण माग गर्न वा संस्थालाई उपयुक्त लागे बमोजिम त्यस्ता कुनै निर्देशनको कार्यान्वयन गर्न समेत सक्नेछ । सदस्यलाई जानकारी दिनको लागि वा सदस्यको निर्देशन जांच गर्नको लागि त्यस्ता निर्देशनहरुको रेकर्ड राख्ने जिम्मेवारी वा दायित्व संस्थाको हुनेछैन । संस्थाले बिना कुनै कारण देखाई निर्देशनहरुको पालना गर्नबाट अस्विकार गर्न सक्नेछ र कुनै निर्देशनको औचित्य वा कुनै कुरा विश्लेषण गर्नु संस्थाको दायित्व हुनेछैन । सदस्यका निर्देशनहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नोक्सानी हुने वा सो तर्फ लक्षित गर्ने कुरामा विश्वस्त हुनुपर्ने संस्थासंग कारण भएमा नेपा: स्मार्ट एप मार्फत सदस्यको कारोवार संचालन निलम्बन गर्न सक्ने अधिकार संस्थासंग हुनेछ वा सदस्यसंग एसएमएस संचालनलाई निरन्तरता दिनु पूर्व सदस्यसंग प्रतिबद्धता लिन सक्नेछ ।

१३) **सूचनाको सत्यता:** नेपा: स्मार्ट एपको प्रयोगको लागि संस्थालाई प्रदान गरिने सूचनाको सत्यताको लागि सदस्य जिम्मेवार हुनेछ । सदस्यले प्रदान गरको त्रुटिपुर्ण सूचनाको कारणबाट हुने परिणामको लागि संस्थाले कुनै दायित्व बहन गर्नेछैन । आवदेन फारम वा अन्य कुनै संचार मार्फत संस्थालाई प्रदान गरेको सूचना त्रुटिपूर्ण रहेको सदस्यले थाहा पाएमा तुरुन्त संस्थालाई जानकारी गराउनुपर्नेछ । जसले औचित्यपूर्ण प्रयत्न का आधारमा सम्भव भएसम्म त्रुटि सच्याउन मद्दत गर्नेछ ।

..................... हस्ताक्षर

१४) **उत्तरदायी नहुने अवस्था:**

क) नेपाः स्मार्ट एप मार्फत हुने अनाधिकृत कारोवारको लागि संस्था उत्तरदायि हुनेछैन र सो को विरुद्ध हुने कुनै कारवाही, मुद्दा, कारवाहीको प्रकृयाको शुरुवात वा सो को परिणाम स्वरुप हुने कुनै नोक्सानी खर्च वा क्षतीबाट संस्थालाई सदस्यले मुक्त राख्दछ र सो को लागि पूर्ण प्रत्याभुत गर्दछ । नेपाः स्मार्ट एपको गैरकानूनी वा अनुचित प्रयोगको सम्बन्धमा संस्थाले निर्णय गरे बमोजिमको वित्तीय जरिवाना तिर्न वा नेपाः स्मार्ट एपको संचालन निलम्बन गरेको कारण हुने परिणाम व्यहोर्न सदस्य उत्तरदायि हुनेछ ।

ख) प्राकृतिक प्रकोप, कानूनी व्यवधानहरु, दुरसंचार संजालमा खराबी वा दुरसंचार संजालको असफलता वा संस्थाको नियन्त्रण बाहिरको अन्य कुनै परिस्थिती लगायतका सीमारहित कारणहरुले आवश्यकता अनुसार नेपाः स्मार्ट एप उपलब्ध हुन नसकेमा संस्था कुनैपनि अवस्थामा सदस्य प्रति उत्तरदायी हुनेछैन ।

१५) **प्रत्याभूति :** संस्थाले सदस्यलाइ उपलब्ध गराएको नेपाः स्मार्ट एप माफर्त सदस्यको निर्देशन पालनाको सिलसिलामा सस्थालाई घट्न सक्ने, भोल्नु भोग्नुपर्ने वा हुनसक्ने सम्भावना भएको सम्पूर्ण नोक्सानी तथा खर्चहरुको पूर्ण क्षतिपूर्तिको लागि सदस्यले संस्था तथा यसका अधिकृतहरु, कर्मचारीहरु र प्रतिनिधिहरुलाई प्रत्याभुत गर्दछ र क्षतिपूर्तिको सुनिश्चित गर्दछ । सदस्यको निर्देशन बमोजिम संस्था, यसका अधिकृतहरु, कर्मचारीहरु वा प्रतिनिधिहरुले कुनै कार्य गरेको वा गर्न छुटेको कारणले वा नेपाः स्मार्ट एप मार्फत सेवा उपलब्ध गराएको कारणले भएका सम्पूर्ण गतिविधिहरु, दावी , माग , कारवाहि, नोक्सानी, क्षती, लागत, शुल्क र खर्चहरुका विरुद्ध सदस्यले सस्थालाई पूर्ण रुपमा क्षतिपुर्तिको प्रत्याभूत गर्दछ । सदस्यले त्यस्तो कुनै नोक्सानी वा खर्चहरु, जुन आकस्मिक प्रकृतिको हुन वा गराईएको नहुन पनि सक्छ, विरुद्ध संस्थालाई पर्याप्त हुने गरि निर्धारण गरिएको रकम तिर्नेछ ।

१६) **सूचना प्रकट गर्ने :** सस्था वा यसका कमर्चारीहरुले विश्लेषण, प्रतिष्ठा मापन, बजारीकरण, छलकपट नियन्त्रण लगायत नेपाः स्मार्ट एप संचालनको सिलसिलामा सदस्यका व्यक्तिगत सूचनाहरु र कम्प्यूटर वा अन्य किसिमले रहेका तिनका खाता(हरु) सम्बन्धि अन्य सम्पूर्ण सूचनाहरु राख्न र कार्यवाहि गर्न सदस्य मञ्जुर गर्दछ ।

१७) **शर्त तथा बन्देजहरुमा परिवर्तन :** सस्थाले आफनो पूर्ण स्वविवकेमा कुनै पनि समयमा यस करारका कुनै पनि शर्त तथा बन्दजेहरुमा संसोधन वा थप गर्न सक्नेछ र अनुकुल भएसम्म त्यस्तो संशोधनको १५(पन्ध्र) दिनको अग्रिम सूचना दिन सस्थाले प्रयत्न गर्नेछ । सस्थाले प्रकाश गरेको कुनै नयां सेवाहरुको प्रयोग गरेको अवस्थामा सदस्यले सो को संशोधित शर्त तथा बन्देजहरु स्वतः मञ्जुर गरेको मानिनेछ ।

१८) **अहस्तान्तरणीयः** सदस्यलाई उपलब्ध गराईएको नेपाः स्मार्ट एप कुनैपनि अवस्थामा हस्तान्तरण गर्न पाईनेछैन र केवल सदस्यले मात्र यसको प्रयोग गर्नुपर्नेछ ।

१९) **नेपाः स्मार्ट एपको समाप्तीः** सदस्यले संस्थालाई कुनैपनि समयमा कम्तिमा १५ दिनको लिखित सूचना दिएर नेपाः स्मार्ट एपको समाप्तिको लागि अनुरोध गर्न सक्नेछ । उक्त समाप्ति १५ दिनको अवधि पूरा भएपछि लागु हुनेछ । सेवाको समाप्ती भन्दा अगाडि सम्म नेपाः स्मार्ट एप मार्फत भएका कुनैपनि कारोवारको लागि सदस्य जिम्मेवार हुनेछ । सदस्यले विना पूर्व सूचना करारको उलंघन गरेमा वा सदस्यको मृत्यू भएमा, दामासाहीमा परेमा वा कानूनी अस्तित्व समाप्ति भएमा संस्थाले कुनैपनि समयमा सम्पूर्ण रुपमा वा कुनै निश्चित सेवा वा निश्चित सदस्यको नेपाः स्मार्ट एप सेवा फिर्ता लिन वा समाप्ती गर्न सक्नेछ । जुनसुकै कारणले नेपाः स्मार्ट एपको समाप्ती भएपनि बुंदा नं. १३ र १६ को व्यवस्था लागु रहनेछ ।

२०) **सचूनाः** यस करार अन्तगर्त सदस्यलाई कुनै सूचना एसएमएस माफर्त पठाएर वा लिखित रुपमा हस्तान्तरण गरेर वा सदस्यले अन्तिम पटक दिएको ठेगानामा हुलाक मार्फत पठाएर दिन सकिनेछ । यसका अतिरिक्त संस्थाले सामान्य प्रकृतिका सूचनाहरु पत्रपत्रिकामा प्रकाशित गर्न वा संस्थाको वेवसाईट धधधालभउबाअययउालउ मा राख्न समेत सक्नेछ । यसरी दिईएका सूचनाहरुको मान्यता प्रत्येक सदस्यलाई व्यक्तिगत रुपमा सूचना दिईएको सरह नै हुनेछ । सूचना र निर्देशनहरु हुलाकमार्फत पठाएको ७ दिन पछि वा हस्तान्तरण, तार वा फ्याक्स मार्फत पठाएकोमा प्राप्त भएपछि हस्तान्तरण भएको मानिनेछ ।

२१) **थप खाताहरुमा लागु हुनेः** यदि सदस्यले भविष्यमा खोल्ने थप खाताहरुमा समेत संस्थाले नेपाः स्मार्ट एप प्रदान गर्दछ र सदस्यले सो को प्रयोग गर्दछ भने त्यस्तो थप खाताको सन्दर्भमा प्रयोग हुने नेपाः स्मार्ट एपको हकमा समेत यो करार स्वतः लागु हुनेछ ।

.................... हस्ताक्षर

२२) **सामान्य:**

क) यहाँ उल्लेख भएका बुँदाका शिर्षकहरु केवल सहजताका लागि मात्र राखिएका हुन् र सम्बन्धित बुँदाको अर्थलाई यिनले असर पार्ने छैनन् ।

ख) संस्थाले यस करार अन्तर्गतका कुनै दायित्व पुरा गर्न पुरक करार गर्न र प्रतिनिधि नियुक्त गर्न सक्नेछ । **नेपा: स्मार्ट** एप सेवा संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्ने सदस्यहरुलाई मात्र र संस्थाले समय समयमा तोकेको अवधि भित्र मात्र उपलब्ध हुनेछ । कारोवारको प्रविष्टि भएको समयका आधारमा सोहि दिन वा अर्को कार्यदिन त्यस्ता कारोवारहरु सम्पन्न गरिनेछन् ।

ग) सदस्यले प्रयोग गर्ने मोवाईलले आवश्यकीय कुराहरु पुरा गर्नेमा निश्चय गर्नु पर्दछ । नेपा: स्मार्ट एप प्रयोग गर्न लाग्ने टेलिफोन खर्च लगायत सदस्यले गर्ने सम्पूर्ण खर्चहरु सदस्यले नै व्यहोर्नुपर्नेछ ।

२३) **हस्तान्तरण:** संस्थाले यस अन्तर्गतका आफ्नो सुरक्षणहरु विक्री, प्रत्यायोजन गर्न वा संस्थाको यस अन्तर्गतका अधिकार तथा दायित्वहरु हस्तान्तरण गर्न सक्नेछ । त्यस्तो कुनै विक्री, प्रत्यायोजन सुरक्षण वा हस्तान्तरण सदस्य र अन्य व्यक्तिहरुलाई पूर्णरुपमा बाध्यात्मक हुनेछ । सदस्य, निजका हकदार, कानूनी प्रतिनिधिहरु, कार्यकारीहरु, प्रशासकहरु, उत्तराधिकारीहरु समेत लाई यो करार बन्धनकारी हुनेछ । तर यस अन्तर्गतका सदस्यका कुनै अधिकार र दायित्वहरु सदस्यले हस्तान्तरण वा प्रत्यायोजन गर्ने छैन ।

२४) **निसर्ग र रोक्काको अधिकार:** सदस्यको खाता(हरु)मा रहेको निक्षेपमा वर्तमान वा भविष्यमा अन्य कुनै रोक्का वा दाबी भएतापनि सदस्यलाई उपलब्ध गराईएको र/वा सदस्यले प्रयोग गरेको नेपा: स्मार्ट एपको कारणले उत्पन्न हुने जुनसुकै तिर्न बाँकी बक्यौताको हदसम्म संस्थालाई निसर्ग र रोक्का राख्ने अधिकार हुनेछ ।

२५) **स्वामित्व अधिकार:** नेपा: स्मार्ट एपको सफ्टवेयर लगायत एसएमएस सँग सम्बन्धित नेपा: स्मार्ट एपका लागि आवश्यक अन्य कुनै सफट्वयेरहरु सम्बन्धित आपूर्तिकर्ताको सम्पत्ति सम्वन्धि कानूनी अधिकार हुनेमा सदस्य मन्जुर गर्दछ । सस्थाको सुविधा प्राप्तिको लागि दिने अनुमतिलाई त्यस्तो सफट्वयेरमा सदस्यको स्वामित्व वा हकाधिकार स्थापित गरेको मानिनेछैन । सदस्यले त्यस्तो संस्थाको सफट्वयेरलाई परिवतर्न गर्ने, अनुवाद गर्ने, अलग गर्ने, छुट्टयाउने वा ईन्जिनियरिङ्ग विपरित कार्य गर्ने वा सफट्वयेरको आधारमा कुनै त्यस्तै प्रकृतिको उत्पादन सृजना गर्न प्रयत्न गर्नेछैन ।

२६) **नियमन गर्ने कानून:** यो करार र/वा सदस्यको खाताको संचालन नेपालको प्रचलित कानूनद्वारा नियमन हुनेछ । सम्पूर्ण विवादहरु नेपालको अदालतको क्षेत्राधिकारमा पर्नेछन् ।

.................... हस्ताक्षर


# नेपा: बहुउद्देश्यीय सहकारी संस्था लि.

## NEPA Multipurpose Cooperative Society Ltd.

प्रधान कार्यालय: इटहरी, सुनसरी, फोन: ०२५–५८५८१२, याक्स नं. ०२५ ५८७२३८
इमेल : nepaith812@gmail.com, website : www.nepa.coop.np Facebook : nepacooperative